सर्वोच्च अदालत, संयुक्त इजलास
मा‍ननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री नृपध्वज निरौला

आदेश
०८०-WO-१२७०
मुद्दाः उत्प्रेषण परमादेश।

प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, प्रादेशिक व्यवस्थापन इकाई, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत मिनबहादुर ठाडा ........................................................................१
उर्जा तथा सिंचाई निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत प्रविन सारु मगर....................................१
प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत यामबहादुर बुढामगर.........................................१
प्रदेश लेखा इकाई, दैलेखमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत हरिबहादुर थापा मगर..............................................................१
प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत दिपेन्द्र मगराती.........................................१ — रिट निवेदक
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत विनोदकुमार भण्डारी ........................१
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत धनप्रसाद शर्मा...........................१
प्रदेश आपूर्ती व्यवस्थापन केन्द्र, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत मिलनकुमार शर्मा.......................................१
भौतिक पूर्वाधार निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत बखतबहादुर शाही ....................................१

शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत यमुना श्रेष्ठ ........................................................१

मानव संसाधन विकास केन्द्र, सुर्खेतमा प्रमुख लेखा अधिकृत, अधिकृत स्तर आठौं तहमा कार्यरत सुरेन्द्रबहादुर शाही........................................................१

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेतमा आयुर्वेद चिकित्सक आठौं तहमा कार्यरत शंकरप्रसाद रिजाल........................................................१

स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतमा वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत आठौं तहमा कार्यरत नवराज कँडेल........................................................१

मानव संसाधन विकास केन्द्र, सुर्खेतमा वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत आठौं तहमा कार्यरत एकराज चन्द........................................................१

प्रदेश अस्पताल, सुर्खेतमा वरिष्ठ नर्सिङ्ग अधिकृत आठौं तहमा कार्यरत प्रभा रावल..१

स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेतमा वरिष्ठ जनस्वास्थ्य अधिकृत आठौं तहमा कार्यरत करूणा भट्टराई........................................................१

पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजनामा बाली विकास अधिकृत आठौं तहमा कार्यरत रविन धिताल........................................................१

कृषि विकास निर्देशनालय, सुर्खेतमा कृषि प्रसार अधिकृत आठौं तहमा कार्यरत तिलकप्रसाद पाण्डे........................................................१

डिभिजन वन कार्यालय, हुम्लामा वरिष्ठ वन अधिकृत आठौं तहमा कार्यरत दिनेशजंग खत्री ........................................................१

विरुद्ध

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर-७, सुर्खेत........................................................१

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश, वीरेन्द्रनगर-७, सुर्खेत ........................१ +विपक्षी

प्रदेश सभाको सचिवालय, कर्णाली प्रदेश, ऐ.ऐ........................................१

लोकसेवा आयोग, अनामनगर, काठमाडौं ........................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनसमेतको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

## रिट निवेदनको सङ्क्षिप्त बेहोरा

१. हामी निवेदकहरु निजामती सेवा ऐन, २०४९ बमोजिमका सेवा शर्त बमोजिम नेपाल प्रशासन सेवाको लेखा समूह, नेपाल स्वास्थ्य सेवा, नेपाल कृषि सेवा र नेपाल वन सेवामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरु हौं। हामी निवेदकहरु नेपालको संविधान जारी भएपश्चात सङ्घीय ईकाईमा राज्यको पुनः संरचना भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्णाली प्रदेशमा समायोजन भएर कामकाज गरिरहेको अवस्थामा २०६९ सालका लेखा अधिकृतको वृत्ति विकास रोक्ने तर २०७५ सालका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका शाखा अधिकृतहरुलाई जेष्ठ मानी उच्च हैसियत दिई प्रत्यर्थी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग आकृति पठाई प्रदेश लोकसेवा आयोगबाट मिति २०८१/०१/२५ गते जारी भएको सूचना नं.२१२/२०८०-०८१ र २१३/२०८०-०८१ को विज्ञापनबाट एउटै सेवाभित्रका कर्मचारीहरुबीच असमान व्यवहार गरिएको छ। ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्णाली प्रदेशमा समायोजन भएका कर्मचारीहरुको हकमा सातौं र आठौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेकोलाई मान्यता दिए तापनि आन्तरिक प्रतियोगिताका लागि एक तह मुनिको पद आठौं तहमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्ने प्रावधान भएकोमा एउटै कानूनमा भएका द्वैध तथा असान्दर्भिक ऐनभित्र नै बाझिने गरी गरिएका व्यवस्था बमोजिम दरखास्त दिनबाट समेत बञ्चित गराई वृत्ति विकासमा अवरोध पुऱ्याउने गरी विज्ञापन भएको छ।

कर्णाली प्रदेश लोकसेवा आयोगबाट मिति २०८१।०१।२५ मा प्रकाशित सूचना नं. २१२।२०८०-०८१ को विज्ञापन प्रकाशन गर्दा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ को उपदफा (१) मा व्यवस्था भएबमोजिम **"बढुवा हुनका लागि विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्म तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पाँच वर्ष पुरा भएको हुनु पर्ने"** भन्ने व्यवस्था सङ्घीय निजामती सेवा ऐन, २०४९ को दफा २९ र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(१)(क) विरुद्ध रहेको छ। प्रत्यर्थी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गरेर ती मागलाई उचित सम्वोधन गरी पदपूर्ति मागका लागि पठाउने भनी हामीलाई विश्वास दिलाइए तापनि हाम्रा वैध मागको वेवास्ता गरी कुनै निश्चित स्वार्थ समूहको हितमा हुने गरी कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ४ को उपनियम (१) र तत् सम्बन्धी अनुसूची-३ मा प्रदेश प्रशासन सेवालाई तीन समूहमा विभाजन गरी हामीहरु माथि हदैसम्मको अन्याय गरिएको छ। विपक्षीहरुले ठूलो संख्यामा रहेका प्रशासन सेवाका लेखा समूहका कर्मचारीहरुको वृत्ति विकासको ढोका नै वन्द हुने

गरी कर्णाली प्रदेश निजामती सेवा नियमावलीमा नवौं तहमा लेखा समूह रहने उल्लेख गरी सो बमोजिम नवौं तहमा एक जना मात्र दरवन्दी राखी कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ७(१) तथा कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम १६ मा संगठन र व्यवस्थापन सर्वेक्षण गर्ने प्रावधान र कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ७(५) र ७(६) तथा कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम १७ मा पद दर्ता गर्ने प्रावधान विपरित संगठन र व्यवस्थापन सर्वेक्षण गरी पद दर्ता गर्नु पर्ने कानूनी प्रावधान समेतको उल्लंघन भएको छ।

कर्णाली प्रदेश सरकारले मिति २०८०।१०।१० मा कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० जारी गरेपश्चात नियमावलीमा भएका व्यवस्था अनुकूल हुने गरी प्रदेश सरकारका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नियमावली बमोजिम पदनाम र सोही बमोजिम विभिन्न सेवा समूहका दरवन्दी तथा पदसंख्या निर्धारण गरी नियमावलीको नियम १६.२ बमोजिम अभिलेखीकरण गरी मात्र उल्लिखित नियमावलीको नियम १७ बमोजिम पद दर्ता गरी सोही बमोजिम पदपूर्तिका लागि माग आकृति पठाउनु पर्नेमा प्रत्यर्थीमध्येको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अभिलेखीकरण तथा पद दर्ता नै नगरी गरिएको कथित संगठन तथा व्यवस्थापन सर्वेक्षणको कानूनी वैधता शून्य हुने हुँदा बढुवा लगायतका विज्ञापन प्रकाशित गरी लेखा समूहका कर्मचारीहरु तथा हामी निवेदकहरुलाई हदैसम्मको विभेद (Extreme Discrimination) तथा अन्याय (Injustice) गरेको र विपक्षीहरुको कामकारवाहीबाट हामी निवेदकहरुको वैध अपेक्षा तथा प्रशासकिय न्याय (Administrative Justice) समेत कुठाराघात भएको हुँदा विपक्षीहरुको नाउँमा उत्प्रेषण, परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउनका साथै अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने समेत बेहोराको **निवेदक मिनबहादुर ठाडासमेतको यस अदालतमा परेको मिति २०८१।०२।१३ को रिट निवेदन।**

<u>कारण देखाउ आदेश</u>

२. यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक पन्ध्र दिनभित्र विपक्षी नं. १,२ र ३ का हकमा प्रदेश मुख्य महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै, निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा, दुवै पक्षसँग छलफल गरी टुङ्गोमा पुग्न उपयुक्त हुने देखिंदा मिति २०८१।२।२२ गते छलफलको लागी पेशी तोकी सोको सूचना विपक्षीहरुलाई दिनू। सो मितिसम्म कर्णाली प्रदेश लोकसेवा आयोगले मिति २०८१।१।२५ गतेको विज्ञापन सूचना नं. २१२-२०८०।०८१ र २१३-२०८०।०८१ तत्काल कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम २ (ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०८१।२।१४ को आदेश।

<u>विपक्षीहरूको लिखित जवाफ बेहोरा</u>

३. नेपालको संविधानको अनुसूची- ६ को क्रम संख्या ५ बमोजिम प्रदेश निजामती सेवा प्रदेशको अधिकारको सूचीमा रहेकोमा प्रदेश निजामती सेवाको गठन, सञ्चालन र शर्त सम्बन्धमा सम्बन्धित प्रदेश सभाले नेपालको संविधान तथा सङ्घीय कानून अनुकूल हुने तवरले आफ्नो विधायिकी विवेक (Legislative Wisdom) प्रयोग गरी कानून बनाउने र प्रदेश सरकार र अन्तर्गतका निकायबाट कार्यान्वयन हुने विषयमा यस आयोगको कुनै भूमिका हुँदैन। नेपालको संविधान एवं प्रचलित कानून अनुसार रिट निवेदकले उठाएका कर्मचारी समायोजन र तह मिलान गर्ने लगायतका विषयहरु यस आयोगको कार्यक्षेत्रभित्रको विषय नभएको र रिट निवेदकहरुले रिट निवेदनमा यस आयोगको के कस्तो काम कारवाही र निर्णयबाट निवेदकहरुको हक हनन् हुन गएको हो ? भन्ने कुरा आफ्नो निवेदनमा कहीं कतै खुलाउन सक्नु भएको नदेखिँदा यस आयोगलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन आयोगको हकमा खारेजभागी छ भन्ने बेहोराको **विपक्षी लोकसेवा आयोग, केन्द्रीय कार्यालयकोतर्फबाट पेश भएको लिखित जवाफ।**

४. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३३ को उपदफा (३) मा सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनवापत अङ्क गणना गर्दा मात्र असार मसान्तको हिसाबले र अन्य अङ्क गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिने व्यवस्था रहेकोले बढुवा हुन पाँच बर्ष भन्दा थप अनिश्चित अवधिसम्म उम्मेद्वार हुन अयोग्य बनाएको भन्ने रिट निवेदकको माग कानूनसम्मत देखिदैन। जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ मा र कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवाको आधार दफा ३३ मा रहेको र सो व्यवस्था प्रदेश निजामती सेवाका सबै कर्मचारीलाई समानरूपमा लागु हुने भएकाले समायोजन भई आएका कर्मचारीको हकमा ज्येष्ठताको आधार के हुने भन्ने विषय विवाद तथा न्यायिक निरूपणको विषय नै नरहेकोले रिट निवेदन खारेजभागी छ। कर्णाली

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २८ मा बढुवा समिति र ऐ. ऐनको दफा २८ को उपदफा (५) मा बढुवा समितिले सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैँले निर्धारण गर्न सक्ने व्यवस्था रहेकोले रिट निवेदकको यो मागदाबी समेत न्यायिक निरूपणको विषय देखिदैन। नेपालको संविधानको धारा १६२ को उपधारा (१) मा प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित हुने र संविधानको धारा २८५ को उपधारा (३) मा प्रदेश मन्त्रिपरिषद्ले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकताबमोजिम विभिन्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशको काम कारवाहीका विषयमा व्यवस्थापकीय अङ्गको सचिवालयलाई प्रत्यर्थी बनाइएकाले उक्त रिट निवेदनबाट कर्णाली प्रदेशसभा सचिवालयलाई फुर्सद दिलाई पाउँ भन्ने बेहोराको **विपक्षी कर्णाली प्रदेश सभा सचिवालयकातर्फबाट पेश भएको लिखित जवाफ।**

५. प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा १९ तथा ऐ. को नियमावली, २०७८ को नियम २८ को उपनियम (१) मा आयोगले आफ्नो काम कारवाहीलाई व्यवस्थित र नियमित गर्न कार्यतालिका बनाई लागू गर्ने र उपनियम (३) मा उपनियम (१) बमोजिम कार्यतालिका आयोगले आवश्यकता अनुसार हेरफेर गर्न सक्ने कानूनी व्यवस्था भए बमोजिम कर्णाली प्रदेश निजामती सेवा ऐन र नियमावली जारी भई कर्णाली प्रदेश सरकारबाट पदपूर्तिका लागि माग प्राप्त भएको र प्रदेश लोकसेवा आयोग गठन नै प्रदेश सेवाका कर्मचारीहरुको स्थायी पदपूर्तिका लागि विभिन्न परीक्षा सञ्चालन गरी कर्मचारी सिफारिस गर्ने कार्य जिम्मेवारी भएकोले प्रदेश सरकारले रिक्त उपयुक्त कर्मचारी माग गरे बमोजिम कर्मचारीको आवश्यकता पूर्ति गर्न कार्यतालिका संशोधन तथा विज्ञापन प्रकाशन लगायतका कार्यहरु प्रचलित कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र ऐ. को नियमावली, २०८०, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ र ऐ. को नियमावली, २०७८ तथा प्रदेश लोकसेवा आयोग कार्य सञ्चालन निर्देशिका, २०७८ मा उल्लिखित कानूनी प्रावधान बमोजिम विज्ञापन लगायतका काम कारबाही कानूनसम्मत भए गरिएको छ।

प्रदेश लोकसेवा आयोग ऐन, २०७५ को दफा १८ बमोजिम यस आयोगले रिक्त पदमा पदपूर्तिको लागि प्रदेश सरकारका निकायहरु तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग भई आएमा पद संख्या निर्धारण गरी विज्ञापन प्रकाशन गर्ने, विभिन्न परीक्षाहरु सञ्चालन गर्ने र उपयुक्त कर्मचारी छनौट गरी सिफारिस गर्नेसम्मको अधिकारक्षेत्र भएको, उम्मेदवारको योग्यता, सेवा अवधि लगायतका विषयहरु प्रचलित कानूनमा भएका व्यवस्था बमोजिम खुलाई विज्ञापन गर्नुपर्ने हुँदा रिट निवेदकले यस आयोगलाईसमेत विपक्षी बनाउनु पर्ने आधार र कारण छैन। यस आयोगले प्रकाशित गरेको ज्येष्ठता र कार्य सम्पादनद्वारा हुने बढुवा र

कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवातर्फको विज्ञापनमा निवेदक स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतमा वरिष्ठ जनस्वास्थ्य अधिकृत आठौं तहमा कार्यरत करुणा भट्टराई र डिभिजन वन कार्यालय, हुम्लामा वरिष्ठ वन अधिकृत आठौं तहमा कार्यरत दिनेशजंग खत्रीले दरखास्त समेत पेश गर्नु भएबाट निवेदकहरु कसैको हक हनन भएको नभई आफू बढुवा नहुने हो कि भन्ने आशंकाका आधारमा प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। विपक्षी रिट निवेदकले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (१) बमोजिम समावेशी कोटा निर्धारण गरी विज्ञापन प्रकाशन गरिनु पर्ने भन्ने जिकिर लिएकोमा पदपूर्तिको लागि उल्लिखित ऐनको दफा ८ बमोजिम प्रतिशत निर्धारण गर्दा खुला प्रतियोगिताको लागि छुट्ट्याइएकोमध्ये दफा ९ को उपदफा (१) बमोजिम खस आर्य, दलित, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, मधेशी तथा मुस्लिम र थारु समूहको लागि कानूनबमोजिम हुन जाने सिट छुट्याई सुरक्षित राखिएको छ। विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा सोही उपदफाको स्पष्टीकरण खण्डमा खस आर्य, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेशी तथा मुस्लिम र थारु भन्नाले आर्थिक तथा सामाजिकरुपले पछाडि परेका खस आर्य, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेशी तथा मुस्लिम र थारु सम्झनु पर्छ भन्ने उल्लेख भएको तर आर्थिक तथा सामाजिकरुपले पछाडि परेको विषय कर्णाली प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा परिभाषित नभएकोले विज्ञापन प्रकाशित नभएकोसम्म हो। सो विषय कानूनमा प्रष्ट व्यवस्था हुना साथ उक्त छुट्याइएको सिटमा विज्ञापन प्रकाशित गरिने नै हुँदा यसबाट निवेदकको कुनै हक हनन नभएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेशकोतर्फबाट पेश भएको लिखित जवाफ।**

६. प्रदेश लोकसेवा आयोगले विज्ञापन गरेका पदहरु नेपाल सरकारले प्रदेशमा कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि स्वीकृत गरेका दरबन्दी र ऐन जारी हुनु पूर्व प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई पद दर्ता भएका रिक्त दरबन्दीका पदहरु हुन्। त्यस्ता पदहरुमा पदपूर्ति गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण एवम् पद दर्ता गर्नु पर्ने होइन। ऐनको दफा ७ को उपदफा (१) बमोजिमको अवस्थामा प्रदेश सरकारले प्रदेशको आवश्यकता र औचित्यसमेतका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने नै हुँदा सम्मानित अदालतबाट न्यायिक निरोपण गरिरहनु पर्ने विषय होईन । ऐनको दफा ३३ को उपदफा (३) मा बढुवाको लागि सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनबापत अङ्क गणना गर्दा असार मसान्तसम्मको गरेको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिने व्यववस्था रहेको र दफा १३५ मा ऐनमा भएका व्यवस्था सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानून बमोजिम हुने व्यवस्था रहेबाट प्रस्तुत मागदावी पनि कानूनसम्मत नभएको प्रष्ट छ। ऐनको

दफा ३२ मा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको आधार सबै कर्मचारीलाई लागू हुने गरी व्यवस्थित गरिएको छ। दफा ११३ मा प्रदेशमा समायोजन भएका कर्मचारीको समायोजन हुनु पूर्वको सम्बन्धित श्रेणी वा तह र पदको सेवा अवधि बढुवा समेतको प्रयोजनको लागि गणना गरिने व्यवस्था गरिएकै छ। ऐनको दफा २८ को उपदफा (५) मा बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैंले निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। बढुवा समितिले गरेको निर्णयमा चित्त नबुझेमा ऐनको दफा ४० बमोजिम प्रदेश लोकसेवा आयोगमा उजुरी गर्न सक्ने र सो आयोगको निर्णयमा चित्त नबुझेमा न्यायिक उपचारको मार्ग अवलम्बन गर्न सकिने नै हुन्छ। यसका अतिरिक्त प्रदेशको कानूनले सम्बोधन नगरिएका कतिपय विषयमा सङ्घीय कानूनबमोजिम गर्न सकिने पनि हुन्छ। विपक्षी रिट निवेदकहरुले ऐनको दफा ९ को उपदफा (१) बमोजिम समावेशी कोटा निर्धारण गरी विज्ञापन प्रकाशन गर्नु पर्ने भनी जिकिर लिएकोमा प्रदेश लोकसेवा आयोगले पदपूर्तिको लागि ऐनको दफा ८ बमोजिम प्रतिशत निर्धारण गर्दा खुला प्रतियोगिताको लागि छुट्टयाइएको पद संख्यामध्ये दफा ९ को उपदफा (१) बमोजिम समावेशी समूहका लागि कानूनबमोजिम हुन जाने सिट छुट्याई सुरक्षित राखेको छ समेत भन्ने बेहोराको **विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकोतर्फबाट पेश भएको लिखित जवाफ।**

<u>मुद्दामा सरिक हुन पाउँ भन्ने निवेदन</u>

७. रिट निवेदकहरु लेखा समूह, कृषि सेवा, स्वास्थ्य सेवा र वन सेवाको केही समूहका मात्र कर्मचारीहरुले समग्र विज्ञापनलाई नै रोक्ने गरी रिट निवेदन दायर गरेबाट प्रदेश निजामती सेवाका सम्पूर्ण सेवा र समूहका योग्य उम्मेदवारहरुलाई विज्ञापनमा सहभागी हुनबाट वञ्चित गरी प्रदेश सरकारको विभिन्न निकायमा नेतृत्व तहमा रहने निजामती कर्मचारीको अभावले सरकारको काम कारवाहीमा अपूरणीय क्षति हुने निश्चित छ। अतः प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेशबाट मिति २०८१।०१।२५ मा प्रकाशित विज्ञापन सम्बन्धी सूचना नं.२१२-२०८०।०८१ र २१३-२०८०।०८१ लें विपक्षी रिट निवेदकको हक अधिकारमा कुनै पनि असर नपारेकोले उक्त विज्ञापन बदर गर्नु पर्ने कुनै कारण नभएको र उक्त विज्ञापन बदर भएमा हामी निवेदकहरुको वृत्ति विकासमा अपूरणीय क्षति पुग्न जाने हुँदा विपक्षीहरुको रिट निवेदन खारेज गरिपाउँ भनी सामाजिक विकास मन्त्रालय, सुर्खेतमा वरिष्ठ महिला विकास अधिकृत आठौं तहमा कार्यरत सुनिता के.सी. समेत छब्बीसजनाको प्रस्तुत निवेदनमा सरिक हुन पाउँ भन्ने मिति २०८१।०४।२५ मा दर्ता भएको निवेदन।

८. यसमा रिट निवेदनमा उठाइएका प्रश्नहरु तथा माग गरिएको उपचारले कर्णाली प्रदेशबाट मिति २०८१।१।२५ मा प्रकाशित विज्ञापनको सूचनामा संलग्न हामी निवेदकहरुको समेत हक अधिकार र वृत्ति विकासमा असर पार्ने भएकोले कारवाही प्रक्रियामा सरिक गराई

प्रतिरक्षाको अवसर दिलाई पाउँ भन्ने निवेदन बेहोरा रहेको देखियो। निवेदकहरु प्रस्तुत रिट निवेदनको सरोकारवाला पक्ष रहेको देखिएको हुँदा निवेदकहरुको माग बमोजिम कारवाही प्रक्रियामा सरिक गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४७(१) बमोजिम अनुमति प्रदान गरिएको छ भन्ने बेहोराको यस अदालतबाट भएको मिति २०८१।५।११ को आदेश।

९. यसमा लिखित जवाफ समेत परिसकेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७४ (२) बमोजिम मिति २०८१।११।१८ मा पेशी तोकिएको मुल निवेदन (०८०-WO-१२७०) को पेशी अगाडि सारी मिति २०८१।८।२ को पेशी तोकी पूर्ण सुनुवाईको लागि पहिलो प्राथमिकतामा पर्ने गरी नियमानुसार पेश गर्नु भन्ने बेहोराको मिति २०८१।७।२३ को आदेश।

## यस अदालतबाट भएको आदेश

१०. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन तथा लिखित जवाफसहित मिसिल संलग्न कागजात अध्ययन गरियो।

११. निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री टीकाराम भट्टराई, विद्वान अधिवक्ताहरु श्री चिरञ्जीबि खतिवडा र श्री भावेस गौतमले निजामती सेवा नियमावली, २०८० मा भएका व्यवस्था अनुकूल हुने गरी प्रदेश सरकारका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गरी उक्त नियमावलीको नियम १६.२ बमोजिम अभिलेखीकरण गरेर मात्र उल्लिखित नियमावलीको नियम १७ बमोजिम पद दर्ता गरी सोही बमोजिम पदपूर्तिका लागि माग आकृति पठाउनु पर्नेमा प्रत्यर्थीमध्येको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अभिलेखीकरण तथा पद दर्ता नै नगरी गरिएको कथित संगठन तथा व्यवस्थापन सर्वेक्षणको कानूनी वैधता शून्य हुने भएकाले प्रचलित कानूनकोसमेत अवज्ञा गरी पदपूर्ति माग गरेको र प्रदेश लोकसेवा आयोगले आ.व. २०८०।०८१ को कार्यतालिका बमोजिम पदपूर्ति गर्ने नियमित कार्यतालिका नै निश्चित समूहलाई फाइदा पुग्ने गरी गरिएको विज्ञापनको सूचना बदरभागी रहेकोले उक्त विज्ञापन उत्प्रेषणको आदेशले बदर गरी परमादेशसमेत जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

१२. विपक्षी कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतकातर्फबाट उपस्थित विद्वान मुख्य न्यायाधिवक्ता श्री कृष्णबहादुर हमालले बढुवाका लागि सेवा अवधि गणना गर्दा कर्णाली प्रदेश निजामती सेवा ऐनको दफा २९ (३) (ख) मा अधिकृत स्तर नवौं तहको लागि अधिकृत स्तर आठौं, सातौं र समायोजन पूर्वको राजपत्राङ्कित तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्ने स्पष्ट व्यवस्था रहेकोले

उक्त मागदावी निरर्थक रहेको र सोही ऐनको दफा ११३ ले बढुवा, स्तर वृद्धि र ज्येष्ठताको सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको श्रेणी र तहको समेत गणना हुने व्यवस्था गरेकोले सेवा अवधि गणना गर्दा समायोजन भई आएका कर्मचारीलाई अन्याय भएको भन्ने कुनै आधार देखिंदैन भनी गर्नुभएको बहस एवम् बिपक्षी लोकसेवा आयोग, केन्द्रीय कार्यालयकोतर्फबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री कल्पना राईले नेपालको संविधान एवं प्रचलित कानूनअनुसार रिट निवेदकले उठाएका कर्मचारी समायोजन र तह मिलान गर्ने लगायतका विषयहरु यस आयोगको कार्यक्षेत्रभित्रको विषय नभएको हुँदा यस आयोगको हकमा रिट निवेदन खारेजभागी छ भनी गर्नुभएको बहससमेत सुनियो।

१३. सरिक हुन पाउँ भनी निवेदन गर्ने निवेदकहरुकातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता डा. श्री भीमार्जुन आचार्य, विद्वान अधिवक्तात्रय श्री नेत्रप्रसाद आचार्य, श्री विजय हमाल, श्री वसन्तबाबु श्रेष्ठले प्रदेशको प्रशासन व्यवस्थापन संचालनको लागि कानून बमोजिम कर्मचारीको पदपूर्ति गर्न गरेको विज्ञापन अनेक वाहनामा रोक्न मिल्दैन, रिट निवेदन खारेज होस भनी गर्नु भएको बहस समेत सुनियो।

१४. प्रस्तुत रिट निवेदन मुलतः बिपक्षी कर्णाली प्रदेश लोकसेवा आयोगबाट मिति २०८१/०१/२५ गते जारी भएको सूचना नं.२१२/२०८०-०८१ र २१३/२०८०-०८१ को सूचनाबाट भएको पदपूर्तिसम्बन्धी विज्ञापनको विषयलाई लिएर पर्न आएको देखिन्छ। रिट निवेदनमा उठाइएको बिषयवस्तु हेर्दा देहायबमोजिमको आदेश हुन माग दावी लिएको देखिन आयो:-

(क) संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी प्रदेशमा समायोजन भई आएका कर्मचारीको हकमा प्रतिकुल असर पर्ने गरी कर्मचारी समायोजन ऐन, २०७५, सङ्घीय निजामती सेवा ऐन, २०४९ का सम्बद्ध व्यबस्थाहरूसमेतको बिपरीत हुने गरी भएको उक्त बिज्ञापन उत्प्रेषणको आदेशले बदर गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey) गरेर मात्र पुनः बिज्ञापन गर्नु भन्ने परमादेशको आदेश,

(ख) आन्तरिक अन्तर सेवा समूह र अन्तर तह प्रतियोगिताको लागि उम्मेद्वार हुन एक तह मुनिको पदमा पाँच बर्ष सेवा अवधि पूरा गरेको उम्मेदवार हुन सक्ने व्यवस्थाले समायोजन भएका कर्मचारीको हकमा अन्याय परेको हुँदा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८(६), ८(८) लाई संशोधन गर्नु गराउनु भन्ने परमादेश,

(ग) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को बढुवा हुनका लागि बिज्ञापन हुनु अघिको असार मसान्तसम्म तोकिएबमोजिमको न्युनतम योग्यता

पाँच बर्ष पूरा भएको हुनुपर्ने भन्ने व्यवस्था सङ्घीय निजामती सेवा ऐन, २०४९ को दफा २१ र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(१) को खण्ड (क) बिपरीत रहेकाले *"बिज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्म"* भन्ने वाक्यांश नेपालको संविधानको धारा ५७(६) बमोजिम अमान्य रहेकाले सो हदसम्म उक्त व्यबस्था कार्यान्वयन नगर्नु नगराउनु भन्ने प्रतिषेध,

(घ) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनका हकमा जेष्ठताको आधार तोकिए पनि समायोजन भई आएका कर्मचारीको जेष्ठताको आधार नतोकिएको, कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारी कसको बढुवा हुने भन्ने आधार नतोकिएको हुँदा समायोजन भई आएका कर्मचारीको जेष्ठताको आधार र कार्यक्षमताको आधार कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४(३) बमोजिम सुनिश्चित गर्नु भन्ने परमादेश,

(ङ) प्रदेश निजामती सेवालाई समावेशी बनाउन सो समूहका लागि निश्चित प्रतिशत निर्धारण गरी बिज्ञापन प्रकाशन गर्नुपर्नेमा नगरेकाले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ बमोजिम समाबेशी समूहको बिज्ञापनसमेत एकैपटक प्रकाशन गर्नु भन्ने परमादेश।

१५. बिपक्षीहरूको लिखित जवाफको अध्ययनबाट प्रदेश लोकसेवा आयोगले बिज्ञापन गरेका पदहरू नेपाल सरकारले प्रदेशमा कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि स्वीकृत गरेको दरबन्दी र ऐन जारी हुनुपूर्व प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई पद दर्ता भएका रिक्त दरबन्दीका पद भएकाले लोकसेवा आयोगले बनाएको कार्यतालिकाबमोजिम कानूनसम्मत रूपमा बिज्ञापन भएको, आफ्नो विधायिकी विवेक (Legislative Wisdom) प्रयोग गरी बनाएको कानूनको संशोधनको बिषय परमादेशको बिषय हुन नसक्ने, प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३३ को उपदफा (३) मा बढुवाको लागि सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनबापत अङ्क गणना गर्दा असार मसान्तसम्मको गरेको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिने व्यवस्था रहेको र दफा १३५ मा ऐनमा भएका व्यवस्था सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानून बमोजिम हुने व्यवस्था रहेको, कार्यक्षमता मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने निजामती कर्मचारीको हकमा कसको बढुवा हुने भन्ने बिषयमा ऐनको दफा २८ मा रहेको बढुवा समितिले सोही दफाको उपदफा (५) बमोजिम कार्यबिधि व्यवस्थित गर्ने, समावेशीतर्फ सिट छुट्याई सुरक्षित राखिएको र प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९(१) को स्पष्टिकरण खण्डमा आर्थिक सामाजिकरूपले पछाडि परेको बिषय नपरेकाले बिज्ञापन प्रकाशनसम्म

नगरेकोमा कानूनमा प्रष्ट व्यवस्था हुनासाथ बिज्ञापन प्रकाशन गरिने साथै निवेदकमध्येका करूणा भट्टराई र दिनेशजंग खत्रीले बिज्ञापित पदमा दरखास्त गरिसकेका समेतका अवस्थाबाट रिट निवेदन खारेज हुनुपर्ने भनी जिकिर लिएको पाइयो।

१६. रिट निवेदन, लिखित जवाफ तथा सुनुवाईको क्रममा निवेदक र बिपक्षी तथा सरिक हुनु भएका निवेदकहरुकातर्फका विद्वान कानूनी व्यवसायीहरूले गर्नुभएको बहससमेतलाई दृष्टिगत गर्दा देहायका प्रश्नमा निर्णय निरूपण गर्नुपर्ने देखियोः-

(क) कर्णाली प्रदेश अन्तर्गतका निजामती कर्मचारी रहने निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey) गरेर मात्र पुनः बिज्ञापन गर्नुपर्ने भन्ने निबेदकको माग दावी कानूनसम्मत छ वा छैन ?

(ख) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८(६), (८) को प्रावधानले समायोजन भएका कर्मचारीका लागि आन्तरिक अन्तरसेवा समूह र अन्तर तह प्रतियोगिताको लागि उम्मेदवार हुन रोक लगाएको मान्न मिल्छ वा मिल्दैन ? उक्त व्यवस्थालाई संशोधन गर्नु, गराउनु भनी परमादेश जारी गर्न मिल्ने हो वा होइन ?

(ग) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को बढुवा हुनका लागि बिज्ञापन हुनु अघिको असार मसान्तसम्म तोकिएबमोजिमको न्युनतम योग्यता पाँच बर्ष पूरा भएको हुनुपर्ने भन्ने वाक्यांश प्रयोग नगर्नु, नगराउनु भन्ने प्रतिषेध जारी हुन सक्ने हो वा होइन ?

(घ) समायोजन भई आएका कर्मचारीको जेष्ठताको आधार र कार्यक्षमताको आधार सुनिश्चित नभएको भन्ने निवेदन दाबी कानूनसम्मत छ वा छैन ? समावेसी समूहतर्फको बिज्ञापन एकैपटक गर्नु भन्ने परमादेश जारी गर्नुपर्ने हो वा होइन ?

(ङ) निवेदन मागबमोजिम बिपक्षी कर्णाली प्रदेश लोकसेवा आयोगबाट मिति २०८१/०१/२५ गते जारी भएको सूचना नं.२१२/२०८०-०८१ र २१३/२०८०-०८१ को सूचनाबाट भएको पदपूर्तिसम्बन्धी विज्ञापन उत्प्रेषणको आदेशले बदर हुन र परमादेश जारी हुन सक्ने हो वा होइन ?

१७. अब, पहिलो प्रश्न, कर्णाली प्रदेश अन्तर्गतका निजामती कर्मचारी रहने निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey) गरेर मात्र पुनः बिज्ञापन गर्नुपर्ने भन्ने निबेदकको माग दावीका सम्बन्धमा निरूपण गर्नुपर्ने देखियो। यस क्रममा संगठन तथा व्यवस्थापनबारे संक्षिप्तमा उल्लेख गर्नु उपयुक्त हुने देखियो।

१८. संगठनको उद्देश्य, कार्य र गतिविधिको आधारमा संगठनको स्वरूप तय हुन्छ। कुनै पनि संगठनमा आवश्यक संख्यामा उपयुक्त आकारको जनशक्ति आवश्यक पर्दछ। संगठनमा के कति जनशक्ति आवश्यक छ भनेर अध्ययन विश्लेषण गरेर मात्र दरवन्दी सिर्जना गरिन्छ। यसका लागि संगठनको उद्देश्य, कार्य प्रकृति, कार्यबोझ, दरवन्दी थपघट गर्दा पर्न जाने आर्थिक दायित्वसमेतको बिश्लेषण गरिन्छ, यसैलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण अर्थात Organization & Management Survey भन्ने गरिएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई संगठन संरचना स्थापना र दरबन्दीको सिर्जनाको लागि अपरिहार्य मानिन्छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुको उद्देश्य संगठनको कार्यबोझ, कार्यप्रकृतिको विश्लेषण गरी कार्यबोझ र जनशक्तिको संख्यावीच आनुपातिक तालमेल मिलाउनु हो। यसबाट जनशक्तिको दरवन्दी थप्न वा घटाउन सिफारिस गर्न सकिन्छ। जनशक्तिको लागि दरबन्दी बढाउने उद्देश्यले मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिने भन्ने होइन। जनशक्तिलाई काम प्रति उत्प्रेरित र मनोवलयुक्त राख्न र संगठनलाई प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण एक साधन हुन सक्दछ। जनताले तिरेको करसमेतबाट खर्च ब्यहोर्ने सरकारी निकायमा काम गर्ने जनशक्तिको दरबन्दी र संख्याको निर्धारण जनशक्तिको आवश्यकता भन्दा पनि संगठनको आवश्यकताका आधारमा हुनुपर्दछ। संगठनको कार्यबोझ, कार्यप्रकृतिको बिश्लेषण गर्ने र जनशक्तिको दरबन्दीको पुनरावलोकन गर्ने विषय संगठनको आवश्यकता र औचित्यका आधारमा गरिने बिशुद्ध व्यवस्थापकिय विषय हो भन्ने देखिन्छ।

१९. नेपालको (सङ्घीय) निजामती सेवा ऐन, २०४९ को दफा ७ मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्वन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्यप्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा संगठन तथा सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयलेसमेत मूल्याङ्कन गरी मन्त्रिपरिषदबाट स्वीकृत हुनु पर्ने व्यवस्था छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ मा कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारीको दरबन्दी नेपाल सरकारले तोकेबमोजिम हुने, संविधानबमोजिमको अधिकारको सूची, कार्यप्रकृति र कार्यबोझसमेतको आधारमा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र कर्मचारी दरबन्दीमा पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएमा पुनरावलोकन गरी सिफारिस गर्ने र नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुने व्यवस्था रहेको पाइयो। यस व्यवस्था अनुसार गरी कर्मचारी समायोजन गरिएको भन्ने

बिपक्षीहरूको लिखित जवाफ रहेको छ। त्यस्तैगरी सोही दफामा कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन् भन्ने व्यवस्था गरेको पाइयो। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ७ मा समेत प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदले सङ्गठन तथा व्यवस्थापन प्रतिवेदन स्वीकृत गरी लागु गर्ने, यसरी दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्दा समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा आएका कर्मचारीको पदाधिकार रहेको कुनै पद कटौती गर्न नपाइनेसमेतको व्यवस्था रहेको पाइयो।

यसरी (सङ्घीय) निजामती सेवा ऐन, कर्मचारी समायोजन ऐन तथा कर्णाली प्रदेश निजामती सेवा ऐनसमेतमा कुनै निकायको सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन गर्न आवश्यकता र औचित्यका आधारमा सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गरेबमोजिम हुने भन्ने देखिन आयो। संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य समय लाग्ने भएको तर सरकारी सेवा सञ्चालनका लागि रिक्त दरवन्दीमा पदपूर्ति हुन माग गरेबमोजिम प्रदेश लोकसेवा आयोगले पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउनु पर्ने नै हुन्छ। लिखित जवाफबाट सङ्घीय सरकारबाट कर्मचारी समायोजनपूर्व प्रदेशको जनशक्तिको संगठन तथा व्यवस्थापन सर्वेक्षण भई दरवन्दी कायम गरिएको र प्रदेश सरकारले पनि एकपटक संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरिसकेको भन्ने देखिएको छ। प्रदेश सरकारले पठाएको माग आकृति फारामका आधारमा प्रतिशत निर्धारण भई प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको कार्यतालिकाबमोजिम रिक्त पदपूर्तिका लागि बिज्ञापन हुने हुन्छ। प्रदेश सरकारको कुन मन्त्रालय वा निकायमा कति जनशक्ति रहने र कहिले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्तिको दरबन्दीमा पुनरावलोकन गर्ने भन्ने बिषय आवश्यकता र औचित्यका आधारमा कानूनसंगत तवरले प्रदेश सरकारले गर्ने बिषय देखिएकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र बिज्ञापन प्रकाशन गर्नुपर्ने भन्ने निबेदकको जिकिर बमोजिम यस अदालतले रिट क्षेत्राधिकार मार्फत त्यस्तो व्यवस्थापकीय प्रकृतिको कार्यमा हस्तक्षेप गर्न मिल्ने बिषय देखिन आएन।

२०. दोस्रो प्रश्न, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (६),(८) को प्रावधानले समायोजन भएका कर्मचारीका लागि आन्तरिक अन्तरसेवा समूह र अन्तर तह प्रतियोगिताको लागि उम्मेदवार हुन रोक लगाएको मान्न मिल्छ वा मिल्दैन? उक्त व्यवस्थालाई संशोधन गर्नु, गराउनु भनी परमादेश जारी गर्न मिल्ने हो वा होइन? भन्नेतर्फ बिचार गर्दा, प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ मा प्रदेश निजामती

सेवाको पदपूर्तिको कानुनी प्रबन्ध गरिएको पाइयो। सो अनुसार अधिकृत नवौं तहमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा दश प्रतिशत, अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा दश प्रतिशत, बढुवातर्फ आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा दश प्रतिशत, कार्यक्षमताको मूल्याङ्कनद्वारा पैंतिस प्रतिशत, जेष्ठता र कार्यसम्पादनद्वारा पैंतिस प्रतिशत पूर्ति गरिने व्यवस्था रहेको देखियो। तर प्रदेश स्वास्थ्य सेवाको पदमा भने केही फरक व्यवस्था रहेको देखियो। अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तीमा पाँच बर्ष सेवा अवधि पूरा गरेको र तोकिएबमोजिमको शैक्षिक योग्यता हासिल गरेको स्थायी कर्मचारी उम्मेदवार हुन सक्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा लिइने अधिकृत सातौं र नवौं तहको र प्रदेश स्वास्थ्य सेवाको सहायक पाचौं, अधिकृत सातौं र अधिकृत नवौं तहको पदको आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि न्युनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको एक तह मुनीको पदमा पाँच बर्ष सेवा अवधि पुरा गरेको कर्मचारी उम्मेदवार बन्न सक्नेछ भन्ने प्रावधान रहेको देखिन्छ। निवेदकहरूले नवौं तहको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा र अन्तर तह प्रतियोगितात्मक परीक्षाका लागि एक तह मुनिको पद आठौं तहको पदमा पाँच बर्ष सेवा अवधि पुगेको हुनुपर्ने प्रावधानले आफूहरूको बृत्ति बिकासमा अवरोध पुऱ्याएको भन्ने जिकिर लिएको अबस्था रहेको देखिन्छ। निवेदकहरूले कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८(६),(८) को नवौं तहको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षा र अन्तर तह प्रतियोगितात्मक परीक्षाका लागि एक तह मुनिको पद आठौं तहको पदमा पाँच बर्ष सेवा अवधि पुगेको हुनुपर्ने प्रावधानबाट असमान व्यवहार भएको भनेकामा सो व्यवस्था बदरको माग गरी आएको देखिदैन।

निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१) मा अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने व्यवस्था गरेको देखिंदैन। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा (३) मा समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागु रहेको कानूनबमोजिमको तलब, उपदान, निबृत्तिभरण, उपचार खर्च र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन पाइने छैन भन्ने व्यवस्था गरेबाट प्रदेश निजामती सेवा ऐनमा पदपूर्तिका सम्बन्धमा त्यस्तो व्यवस्था गर्न नपाउने भन्ने देखिएन। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (१) मा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षालाई बढुवा अन्तर्गत राखिएकोमा सोही ऐनको दफा ११३ मा समायोजन ऐनबमोजिम प्रदेशमा समायोजन

भएका कर्मचारीको समायोजन हुनु पूर्वको सम्बन्धित श्रेणी वा तह र पदको सेवाअवधि निवृत्तिभरण, उपदान, बढुवा, स्तर वृद्धि र जेष्ठता निर्धारण गर्ने प्रयोजनका लागि गणना गरिनेछ भन्ने प्रावधानलाई पनि दफा ८(६),(८) को सन्दर्भमा हेर्न सक्ने अवस्था रहेकै छ। लिखित जवाफमासमेत विपक्षीहरूले यो तथ्यलाई स्वीकार गरेको अवस्था छ। बिपक्षी प्रदेश लोकसेवा आयोगले बिज्ञापित पदमा फाराम भर्न नदिएको भन्ने निवेदकहरूको भनाई रहेको छैन। निवेदकमध्येका करूणा भट्टराई र दिनेशजङ्ग खत्रीले बिज्ञापित पदमा फाराम भरेको भन्ने बिपक्षी कर्णाली प्रदेश लोकसेवा आयोगको लिखित जवाफबाट देखिएको छ। प्रस्तुत रिट निवेदन सार्वजनिक सरोकारको बिषय भनेर आएको नभई बिज्ञापित पदमा सहभागी हुन समायोजन भई आएका आफूसमेतका कर्मचारीहरूका हकमा बञ्चित गरिएको भन्ने हो। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८(६),(८) को कानुनी व्यवस्था निवेदकका लागि मात्र लक्षित गरी आएको भन्न मिल्ने नदेखिएको र कानून निर्माण वा संशोधनको विषय बिधायिकाको बुद्धिमत्ता (Legislative Wisdom) अन्तर्गतको विषय हुँदा निवेदकको दावीकै भरमा निवेदकको व्यक्तिगत हित अनुकूल संशोधन गर्नु भन्ने परमादेश जारी गर्न मिल्ने हुँदैन।

२१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को बढुवा हुनका लागि बिज्ञापन हुनु अघिको असार मसान्तसम्म तोकिएबमोजिमको न्युनतम योग्यता पाँच बर्ष पूरा भएको हुनुपर्ने भन्ने वाक्यांश प्रयोग नगर्नु नगराउनु भन्ने प्रतिषेध जारी हुन सक्ने हो वा होइन? भन्ने तेस्रो प्रश्नका सम्बन्धमा बिचार गर्नुपर्ने हुन आयो। (सङ्घीय) निजामती सेवा ऐन, २०४९ को दफा २१(१) बढुवाको निमित्त उम्मेद्वार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको पदको लागि तोकिएबमोजिमको योग्यता र देहायबमोजिमको न्युनतम सेवा अवधि हुनुपर्नेछ भन्ने उल्लेख भई देहाय (क) मा राजपत्र अनङ्कित पदको निमित्त तीन बर्ष र (ख) मा राजपत्राङ्कित पदको निमित्त पाँच बर्ष भन्ने प्रावधान रहेको देखिन्छ। त्यस्तै, निजामती सेवा नियमावली, २०५० को नियम ७४(२) मा पदपूर्तिका लागि प्रकाशन गरिने सूचनामा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन ज्येष्ठता गणना गरिने (असार मसान्तको हिसावले) अवधि...लगायत खुलाउनु पर्ने व्यवस्था रहेको छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(१) को खण्ड (क) बमोजिम कर्मचारीको बढुवासमेतका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिने व्यवस्था छ। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) मा बढुवा हुनका लागि बिज्ञापन हुनु अघिको असार मसान्तसम्म तोकिएबमोजिमको न्युनतम योग्यता पाँच बर्ष पूरा भएको हुनुपर्ने भन्ने उल्लेख भएकोमा सोही ऐनको दफा ३३(३) मा सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनवापत अङ्क गणना गर्दा असार मसान्तको

हिसावले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ भन्ने व्यवस्था रहेबाट दरखास्त दिनको लागि विज्ञापन हुनु अघिको असार मसान्तमा पाँच बर्ष पुगेको भएमात्र योग्य हुने अनि ज्येष्ठतावापतको अङ्क भने दरखास्त दिने अन्तिम म्यादसम्मको गणना हुने अर्थ गरी निष्कर्षमा पुग्न मनासीव हुँदैन। त्यस्तै उक्त ऐनको दफा १३५ मा यस ऐनमा भएका व्यवस्था सङ्घीय कानूनसंग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानूनबमोजिम हुनेछ भन्ने प्रबन्धसमेत रहेको छ। विपक्षीहरुको लिखित जवाफमासमेत सङ्घीय कानून विपरित हुने गरी कुनै कार्य नगरिएको भन्ने उल्लेख गरेको पाईयो।

यस सन्दर्भमा संविधान र सङ्घीय कानूनको अनुकूल नरहेको प्रदेश कानूनको रहने हैसियतकाबारेमा सङ्क्षिप्तमा उल्लेख गर्नु प्रासङ्गिक हुने देखियो। नेपालको संविधानको धारा १३३ उपधारा (१) मा यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा **प्रदेश सभाले बनाएको कुनै कानून सङ्घीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यस्तो कानूनको कुनै भाग बदर घोषित गरिपाउन निवेदन परेमा** धारा १३७ (१) बमोजिमको संवैधानिक इजलासले कारवाही र किनारा गर्ने संवैधानिक बन्दोबस्त रहेको छ। प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १३३ उपधारा (१) वा धारा १३७ अन्तर्गतको क्षेत्राधिकारको दावी लिई आएको होइन। प्रस्तुत रिट निवेदनमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को ***विज्ञापन हुनु अघिको असार मसान्तसम्म न्युनतम सेवा अवधि पुगेको हुनुपर्ने*** भन्ने व्यवस्था कार्यान्वयन नगरी (सङ्घीय) निजामती ऐन, २०४९ मा भएको पाँच वर्षे व्यवस्था बढुवा प्रदेशको हकमा समेत प्रयोग गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) अन्तर्गत विपक्षीहरुको नाउँमा परमादेश माग गरी आएको देखिन्छ।

नेपालको संविधानले राज्यको सङ्घीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ। सो अनुरूप नेपालको संविधानको अनुसूची-५ मा उल्लिखित बिषयमा कानून बनाउने लगायतका एकल अधिकार सङ्घको रहने प्रबन्ध छ भने अनुसूची-६ मा उल्लिखित बिषयमा प्रदेशको एकल अधिकार रहनेछ। स्थानीय तहको एकल अधिकार अनुसूची-८ मा उल्लिखित बिषयमा रहने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूची बाहेक अनुसूची-७ मा उल्लिखित बिषयमा सङ्घ र प्रदेशको साझा अधिकार रही त्यस्तो अधिकारको प्रयोग यो संविधान, सङ्घीय कानून र प्रदेश कानूनबमोजिम हुने हुन्छ। त्यस्तै सङ्घ, प्रदेश र स्थानीय

तहको साझा अधिकारको सूची अनुसूची-९ मा उल्लेख भई त्यस्तो अधिकारको प्रयोग संविधान, सङ्घीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुने संवैधानिक प्रबन्ध रहेको छ। नेपालको संविधानको धारा ५७ मा रहेको प्रस्तुत संवैधानिक प्रबन्धबमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका बिषयमा कानून बनाउँदा नेपालको संविधान अनुकूल हुने गरी बनाउनु पर्दछ भने साझा अधिकारका सूचीका बिषयमा सङ्घले नेपालको संविधानको अनुकूल हुने गरी, प्रदेशले नेपालको संविधान र सङ्घीय कानून अनुकूल हुने गरी र स्थानीय तहले नेपालको संविधान, सङ्घीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी कानून बनाउनु पर्दछ। साझा अधिकारका बिषयमा प्रदेश सभाले बनाएको कानून सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म असंगतीपूर्ण भई अमान्य हुन्छ। यस्तो बिषयमा गाउँ सभा वा नगर सभाले बनाएको कानून प्रदेश कानून वा सङ्घीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म असंगतीपूर्ण भई अमान्य हुन्छ। संविधान राष्ट्रको मूल कानून भएकाले संविधानको व्यवस्था बिपरीत हुने गरी सङ्घ, प्रदेश वा स्थानीय तहले कानून बनाउने अख्तियारी हुँदैन। संविधान बिपरीत बनेका कानून शक्ति बाह्यको सिद्धान्त (Doctrine of *ultra vires*) बमोजिम अमान्य र बदर हुन्छन्।

नेपालको संविधानको अनुसूची-५ मा सङ्घीय निजामती सेवासम्बन्धी बिषय सङ्घको र अनुसूची-६ मा प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा प्रदेशको एकल अधिकारको सूचीमा रहेको छ। नेपालको संविधान जारी भएपछि सङ्घीय संसदबाट निजामती सेवा ऐन जारी भएको अवस्था नहुँदा संविधानको धारा ३०४ बमोजिम संविधानसँग नबाझिएको हदसम्म निजामती सेवा ऐन, २०४९ लाई सङ्घीय निजामती सेवासम्बन्धी कानून मान्नुपर्ने र यही ऐन अन्तर्गतका निजामती कर्मचारीहरू, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई प्रारम्भमा प्रदेश र स्थानीय तहको प्रशासन र व्यवस्थापनको सञ्चालन भएको हुँदा निजामती सेवा कुनै एक प्रदेशको मात्र महत्व र सरोकारको बिषय मात्र सकिदैन। त्यसैले प्रदेश निजामती सेवासम्बन्धी कानून निर्माणको एकल अधिकार प्रदेशको भएपनि निजामती सेवा ऐन,२०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ मा उल्लेख भएका व्यवस्थाहरूसँग सँगतिपूर्ण हुने गरी प्रदेश निजामती सेवासम्बन्धी कानून निर्माण गर्नु औचित्यपूर्ण हुन्छ। देशभरका निजामती ऐनमा समान मानक र एकरुपता कायम गर्न उपयुक्त र आवश्यक पनि हुन्छ। त्यसैले प्रदेश वा स्थानीय तहले आफ्नो एकल अधिकारको सूचीका बिषयमा कानून बनाउने संवैधानिक सक्षमता रहेपनि राष्ट्रभित्रको कानूनमा एकरूपता, सुसंगतता रहनु उपयुक्त हुन्छ। संविधानले सङ्घीयतामा सन्निकटताको सिद्धान्तलाई आत्मसात गरेको हुँदा सङ्घीय अनुशासन कायम राख्नका लागि पनि यसो गरिनु आवश्यक हुन्छ। नेपालको संविधानको

धारा २३२ (१) मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने प्रबन्ध रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४(२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, सङ्घीय कानूनसँग बाझिन नहुने भन्ने उल्लेख हुनुको साथै सोही ऐनको दफा ५(३) मा सङ्घ, प्रदेश र स्थानीय तहमध्ये एक भन्दा बढी तहको एकल अधिकारमा परेको बिषय कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले सङ्घीय कानून प्रतिकूल नहुने गरी र स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु पर्ने वा कानून बनाउनु पर्ने व्यवस्था छ।

**एकल अधिकारका सूचीका** बिषयमा सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कानून संविधानको कसीमा असंगतिपूर्ण (Inconsistent) रहेमा नेपालको संविधानको धारा १३३(१), १३७(२) बमोजिम अमान्य र बदर (*ultra vires*) योग्य हुन्छन्। **साझा अधिकारको सूची** अन्तर्गतका सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएका कानून संविधान बिपरीत भएमा अमान्य भई बदरभागी (*ultra vires*) हुन्छन्। **तर साझा अधिकारको सूची अन्तर्गत बनेका** सङ्घीय कानून विपरीतका प्रदेश कानून तथा सङ्घीय र प्रदेश कानून बिपरीतका स्थानीय तहले बनाएको कानून अमिल्दो वा विसंगतीपूर्ण देखिएमा बिसङ्गतिको सिद्धान्त (Doctrine of Repugnancy) बमोजिम अमान्य भई निश्क्रिय हुन पुग्दछन्। यस्तो बिषय शक्ति बाह्यको सिद्धान्त (Doctrine of *ultra vires*) को बिषय बन्दैनन्, विसङ्गतिको सिद्धान्त (Doctrine of Repugnancy) अनुसार धारा ५७(७) बमोजिम असंगतीपूर्ण भएको हदसम्म सङ्घीय कानून लागु हुने र त्यस्तो असंगतीपूर्ण प्रदेश वा स्थानीय तहको कानून अमान्य भई निश्क्रिय हुन पुग्दछन्। साझा अधिकारका सूचीको विषयमा बन्ने कानूनमा एकरूपता होस, बिविधता वा द्विबिधा नरहोस, संघ-प्रदेश-स्थानीय तहबीचको सम्बन्ध र समन्वय कायम रहोस भन्ने उद्देश्यले यस्तो व्यवस्था संविधानमा गरिएको हो।

बिसङ्गतिको सिद्धान्त (Doctrine of Repugnancy) साझा अधिकारको सूची (Concurrent List) का बिषयमा सङ्घ र प्रदेशले बनाएका एउटै विषयका कानूनकाबीचमा स्पष्ट, प्रत्यक्ष र मिलाउनै नसकिने अन्तरद्वन्द्व (Clear, Direct and Absolutely Irreconcilable Collision) वा विरोधाभाष (Inconsistency) रहेको अवस्थामा लागु हुन्छ। समानान्तर (Concurrent) वा साझा अधिकारको सूचीको एकै बिषयमा सङ्घीय कानून र प्रदेश कानून बाझिएमा वा स्पष्टतः अन्तरद्वन्द्व देखिएमा बिसङ्गतिको सिद्धान्त (Doctrine of Repugnancy) आकर्षित हुने

भई सङ्घीय कानूनबमोजिम हुने र सो हदसम्म प्रदेश कानून अमान्य भई निश्क्रिय हुन पुग्दछ र यस्तो अवस्थामा सङ्घले बनाएको कानून लागु हुन्छ भन्ने सम्बन्धमा भारतीय संविधानको धारा २४६ र धारा २५४ को प्रयोगका सम्बन्धमा त्यहाँको सर्वोच्च अदालतले बिभिन्न मुद्दा[1]मा गरेको व्याख्या यहाँ स्मरणीय हुन आउँछ। हामी कहाँ नेपालको संविधानको ५७(२) समेतसँग सम्बन्धित अनुसूची-६ मा प्रदेशको एकल अधिकारको सूची अन्तर्गत क्रमसङ्ख्या-५ मा प्रदेश निजामती सेवा रहेको भएतापनि संक्रमणकालीन अवस्थामा प्रशासनिक संघीयताको कार्यान्वयनार्थ प्रदेश समेतको निजामती सेवा गठन एवम् सञ्चालन गर्न संघबाट कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको देखिन्छ। उक्त ऐन बमोजिम प्रदेश सेवामा समायोजन भएका कर्मचारीलाई असमान असर नपरोस् भन्ने ध्येयले ऐनमा नै संरक्षणात्मक व्यवस्था गरी प्रदेशले निजामती सेवाको गठन सम्बन्धी कानून बनाउँदा निश्चित शर्त पालना गर्नु पर्ने गरी व्यवस्था गरिएको देखिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा (१) को खण्ड (क) मा "प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारकोरूपमा लिने भन्ने व्यवस्था गरिएको देखिन्छ" भने दफा १५ को उपदफा (३) मा **"दफा ६ र ७ बमोजिम समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको कानून बमोजिमको तलब, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन पाइने छैन"** उल्लेख गरी प्रदेशले बनाउने प्रदेश निजामती सेवा ऐनका लागि सैद्धान्तिक सीमाहरू तोकेको पाइन्छ। प्रदेश निजामती सेवा गठन सम्बन्धी कानून बनाउँदा कर्मचारी समायोजन ऐन, २०७५ मा व्यवस्थित उक्त सैद्धान्तिक सीमाहरू उल्लङ्घन भएमा प्रशासनिक संघीयताको संक्रमणकालीन आवश्यकताअनुसार प्रदेश सेवामा समायोजन भई आएका कर्मचारीहरूलाई गम्भीर असमानता एवम् असुविधा पर्न जाने हुँदा नेपालको संविधानको अनुसूची-६ मा "प्रदेश निजामती सेवा"लाई प्रदेशको एकल अधिकारको रूपमा व्यवस्थित गरिएको भएतापनि कर्मचारी समायोजन ऐन, २०७५ को प्रभावले कम्तिमा समायोजित कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी कानूनको विषयमा संघ र प्रदेशको समानान्तर अधिकार स्थापित भएको देखिन्छ। यसर्थ, अनुसूची-६ को क्रमसंख्या ५ मा प्रदेशको एकल अधिकारअन्तर्गत कर्णाली प्रदेश सभाले जारी गरेको कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० संविधान अनुकूल त हुनुपर्छ नै, कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ तथा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा

[1] *M. karunanidhi vs UOI 1979 SCR(3) 254, Zamir Ahmed Latifur Rehman Sheikh vs State of Maharastra(2010),5 SCC 246, Deep Chanda vs The State of Uttar Pradesh & ors (1959) SC 3*

अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ५ को उपदफा (३) बमोजिम सङ्घीय निजामती सेवा सम्बन्धी कानूनको प्रतिकूल पनि हुन हुँदैन।

प्रस्तुत रिट निवेदनमा निजामती सेवा ऐन, २०४९ को प्रावधान बिपरीत कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को व्यवस्था रहेको भन्ने जिकिर लिएकोमा, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को अन्तिम वाक्यांशमा ***बिज्ञापन हुनु अघिको असार मसान्तसम्म न्युनतम सेवा अवधि पुगेको हुनुपर्ने*** भन्ने प्रावधान रहेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ को दफा २१(१) मा "बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः- (क) राजपत्र अनङ्कित पदको निमित्त तीन वर्ष, (ख) राजपत्राङ्कित पदको निमित्त पाँच वर्ष" भन्ने व्यवस्था रहेको देखिन्छ। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र सङ्घीय निजामती सेवा ऐन, २०४९ का यी प्रावधानहरुलाई हेर्दा, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को प्रावधानले सङ्घीय निजामती सेवा ऐन, २०४९ को दफा २१(१) मा तोकिएको सेवा अवधिलाई अन्यथा हुने अवस्थाको सिर्जना गरेको देखिँदैन। प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) मा भएको प्रावधानले निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) मा भएको प्रावधानसँग स्पष्ट, प्रत्यक्ष र मिलाउनै नसकिने अन्तरद्वन्द्व वा बिरोधाभाष ल्याएको भन्ने देखिदैन । यस बाहेक कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३५ मा यस ऐनमा भएका व्यवस्था सङ्घीय कानूनसंग बाझिएमा बाझिएको हदसम्म सङ्घीय कानून बमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको तथा लिखित जवाफमा सङ्घीय निजामती सेवा ऐनको व्यवस्था विपरीत हुने गरी कार्य नगरेको भन्ने उल्लेख गरेको समेत देखिँदा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९(१) को व्यवस्था कार्यान्वयन नगरी (सङ्घीय) निजामती सेवा ऐन, २०४९ मां भएको पाँच वर्षे व्यवस्था बढुवाको प्रयोजनार्थ प्रदेशको हकमा समेत प्रयोग गर्न गराउन परमादेश जारी गरिपाउँ भनी लिएको निवेदन जिकिर आफ्नो बढुवा नहुने हो कि? भन्ने आशङ्कामा आधारित हुँदा निरर्थक रहेको पाइयो।

२२. प्रस्तुत रिट निवेदनसँग सम्बन्धित अर्को प्रश्न- समायोजन भई आएका कर्मचारीको जेष्ठताको आधार र कार्यक्षमताको आधार सुनिश्चित नभएको र समावेसी समूहतर्फको बिज्ञापन एकैपटक नभएको भन्ने निवेदन दाबीका सम्बन्धमा बिचार गर्दा, निवेदकहरू कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्णाली प्रदेशमा समायोजन भएका कर्मचारी रही समायोजनपश्चात तह बृद्धिसमेतका सुविधा लिइसकेका कर्मचारी रहेकामा बिवाद

छैन। कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ (२) मा बढुवाको प्रयोजनका लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको बढुवाको लागि सेवा अवधि गणना गर्दा त्यस्ता कर्मचारीको तह बृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजनपूर्वको सेवा अवधिसमेत जोडी गणना गरिनेछ भन्ने व्यवस्था रहेको पाइयो। त्यस्तै उक्त ऐनको दफा ११३ मा समायोजन ऐनबमोजिमं प्रदेशमा समायोजन भएका कर्मचारीको समायोजन हुनुपूर्वको सम्बन्धित श्रेणी वा तह र पदको सेवा अवधि...बढुवा... प्रयोजनका लागि गणना गरिनेछ भन्ने व्यवस्था रहेको देखियो। बिपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफमासमेत प्रदेश कानूनमा नसमेटिएका कतिपय बिषयमा सङ्घीय कानूनबमोजिम गर्न सकिने भन्ने उल्लेख छ। समायोजन भएर आएकालाई मात्र बढुवाको लागि छुट्टै आधार तोकिने अवस्था हुँदैन। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४(४) मा समायोजन भएका कर्मचारी सङ्घीय निजामती सेवा ऐनबमोजिम आन्तरिक प्रतियोगिता, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि समायोजन हुनुपूर्व बहाल रहेको सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह माथिको पदमा उम्मेदवार हुन सक्ने व्यवस्था रहेबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई पनि पुनः सङ्घीय निजामती सेवामा बढुवाको अवसर प्रदान गरिएको देखिन्छ। यस्तो मौका प्रदेश वा स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरूलाई प्राप्त छैन। यसबाट पनि प्रदेशमा समायोजन भएका कर्मचारीलाई भेदभाव भएको भन्ने निवेदकहरूको भनाई कुनै तथ्यमा आधारित देखिंदैन।

बढुवाको सम्बन्धमा कार्यक्षमताका आधारमा समान अङ्क प्राप्त गर्ने कर्मचारीमध्ये कसको बढुवा गर्ने भन्ने सम्बन्धमा ऐनको दफा २८(५) मा बढुवा समितिले कार्यबिधि तय गरेबमोजिम हुने र सो उपर प्रदेश लोकसेवा आयोगमा उजुर लाग्न सक्ने अवस्था रहेकै देखिन्छ। त्यसैले कल्पना, सम्भावना र अनुमानका आधारमा लिएको यस्तो जिकिरका सम्बन्धमा थप बिवेचना गरिरहनु पर्ने आवश्यकता देखिदैन। समावेशीतर्फको बिज्ञापन एकैपटक हुनुपर्ने भन्ने जिकिरका हकमा बिपक्षी प्रदेश लोकसेवा आयोगको लिखित जवाफमा प्रतिशत निर्धारण भई समावेसीतर्फको कानूनबमोजिम सिट छुट्टयाई सुरक्षित राखिएको, आर्थिक र सामाजिकरूपले पछाडि परेको बिषय कर्णाली प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा परिभाषित नभएकाले बिज्ञापन प्रकाशन नभएको भन्ने उल्लेख भएको अवस्था छ। आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका भन्ने विषयको परिभाषा सम्बन्धित ऐन नियममा गरिएको देखिंदैन। तत् सम्बन्धी व्यवस्था कानूनमा गरिएपछि समावेसीतर्फ छुट्याएको सङ्ख्याको पदमा बिज्ञापन गर्ने कुरालाई बिपक्षीले ईन्कार गरेको देखिदैन। कानूनमा प्रबन्ध गर्ने कुरा प्रदेश सभाको व्यवस्थापकीय बुद्धिमत्ता र

जवाफदेहिताको बिषय हुँदा यस अदालतले हस्तक्षेप गर्न मिल्ने अवस्थासमेत रहँदैन। समावेशीतर्फको विज्ञापन नभएर आफूहरूलाई मर्का परेको भन्ने निवेदकहरूको स्पष्ट जिकिरसमेत नरहेको सन्दर्भमा यस सम्बन्धी जिकिर पुग्न सक्ने देखिएन।

२३. अब अन्तिम प्रश्नमा बिचार गर्दा, माथि प्रकरण-प्रकरणमा बिवेचना गरिएबमोजिम कर्णाली प्रदेशअन्तर्गतका निकायको निजामती सेवाका कर्मचारीको संगठन तथा व्यवस्थापन सर्बेक्षण गर्ने बिषय संगठनको कार्यबोझ, कार्यप्रकृतिसमेतको बिश्लेषण गरी संगठनको आवश्यकता र औचित्यका आधारमा गरिने बिशुद्ध व्यवस्थापकिय कार्य भएको, प्रदेश निजामती सेवाका बढुवा र खुला प्रतियोगिताका पदमा उम्मेदवार बन्न योग्यता पुगेका निवेदकहरू कसैलाई पनि कानून बिपरीत रोक लगाएको वा असमान व्यवहार गरेको भन्ने नदेखिएको तथा प्रदेश सभाको बिधायिकी बुद्धिमत्ताको बिषयमा यस अदालतले हस्तक्षेप गरी यस्तो कानून बनाउनु वा संशोधन गर्नु भनी आदेश गर्न उपयुक्त नहुनेसमेत भएबाट निवेदन मागबमोजिम बिपक्षी कर्णाली प्रदेश लोकसेवा आयोगबाट मिति २०८१/०१/२५ गते जारी भएको सूचना नं. २१२/२०८०-०८१ र २१३/२०८०-०८१ को सूचनाबाट भएको पदपूर्तिसम्बन्धी विज्ञापन उत्प्रेषणको आदेशले बदर हुन र परमादेश जारी गर्न मिलेन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। परिणामतः यस अघि जारी भएको अल्पकालिन अन्तरिम आदेशसमेत स्वतः निश्क्रिय हुन्छ।

प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपिसहित कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत बिपक्षी कर्णाली प्रदेशका सरकारी निकायहरूलाई दिनू। प्रस्तुत आदेश मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नू। रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

(नृपध्वज निरौला )

**न्यायाधीश**

उक्त रायमा मेरो सहमति छ।

( हरिप्रसाद फुयाल)

**(न्यायाधीश)**

ई.अ. मेजुमी गुरुङ

**ईति सम्वत् २०८१ साल मङ्सिर महिना ०२ गते रोज १ शुभम्...........................।**